अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	कलीम अहमद जोलाह, बदरुददुजा खाँमुद्दा नं. ०८०-CR-००८० फैसला मिति २०८१।०१।२७	सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरी भ्रष्टाचार गरेको।	**आयोगको माग दावी** • **प्रतिवादी कलिम अहमद जोलाहका हकमाः** प्रतिवादी कलिम अहमद जोलाहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरी भ्रष्टाचार गरेको कसुरमा बिगो रु.१८,०३,७४१।- (अठार लाख तीन हजार सात सय एक्चालिस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवाना गरी ऐ. दफा ३(१) को खण्ड (च) बमोजिम कैद र बिगो समेत असुल उपर हुन तथा प्रधानाध्यापकको हैसियतले आफ्नो जिम्मामा रहेका सक्कल कागजातहरुका साथ उपस्थित भई बरबुझारथ गर्न सम्बन्धित निकाय र यस आयोगबाट पटक पटक पत्राचार गर्दा पनि सो अनुसार नगरी लुकाएको, नोक्सान पुर्याएको वा नष्ट गरेको भन्ने तथ्य पुष्टि भएको हुँदा प्रतिवादी कलिम अहमद जोलाहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसुरमा ऐ. दफा १२ बमोजिम समेत कैद र जरिवाना हुन मागदाबी लिइएको । • **प्रतिवादी बदरुददुजा खाँका हकमाः** विद्यालय/मदरसा व्यवस्थापन समितिको अध्यक्षको भूमिकामा रहेका प्रतिवादी बदरुददुजा खाँले सोही विद्यालयका प्रधानाध्यापकसँग मिलेमतोमा सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरी भ्रष्टाचार गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम रकम रु.१८,०३,७४१।- (अठार लाख तीन हजार सात सय एक्चालिस) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम कैद र बिगो असुल उपर गरी पाउन समेत मागदाबी लिइएको। **अदालतको फैसला** • प्रतिवादी कलीम अहमद जोलाहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको दफा (१) बमोजिम रु.९,७१,१९०।— जरिवाना र दफा ३(१)(ङ) बमोजिम १ वर्ष ६ महिना कैद सजाय हुनुका साथै उक्त बिगो निज प्रतिवादीबाट असुल उपर हुने • प्रतिवादी बदरुददुजा खाँको हकमा अभियोजन पक्षबाट	• प्रतिवादी कलीम अहमद जोलाहका हकमा मुद्दा दायर हुनुअगावै लेखापरीक्षणबाट रु.८,३२,५५१।—बेरुजु औंल्याइएको हुँदा दावी बिगो रु.१८,०३,७४१।— बाट घटाउँदा रु.९,७१,१९०।— हानि नोक्सानी गरेको • प्रतिवादी बदरुददुजा खाँको हकमा अभियोजन पक्षबाट नै कसुर किटान नगरी सजाय मागदाबी मात्र लिएको	• प्रतिवादी कलीम अहमद जोलाहले नेपाल सरकारको रकम आफूलाई गैरकानुनी लाभ र नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याउने बदनियतले हिनामिना गरेको तथ्यमा विवाद छैन । बेरुजु र भ्रष्टाचार भिन्नाभिन्नै विषय हुन् । यद्यपि निज प्रतिवादी उपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिम सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरी भ्रष्टाचार गरेको कसुरमा बिगो रु.१८,०३,७४१।- (अठार लाख तीन हजार सात सय एक्चालिस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवाना गरेर ऐ. दफा ३(१) को खण्ड (च) बमोजिम कैद र बिगो समेत असुल उपर हुन मागदावी लिई आरोपपत्र दायर भए निज उपर मुद्दा दायर हुनुअगावै लेखापरीक्षणबाट रु.८,३२,५५१।- बेरुजु औंल्याइएको हुँदा दावी बिगो रु.१८,०३,७४१।- बाट घटाई रु.९,७१,१९०।- बिगो कायम गरी निज प्रतिवादीलाई सजाय हुने गरी भएको फैसला कानुन, न्याय र लेखापरीक्षणका मान्य सिद्धान्त समेतबाट त्रुटिपूर्ण छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (च्यथ अयलमगअत० बाट देखिने हुन्छ ।च्यथ अयलमगअत अर्थात् कार्य तत्त्वले नै बदनियत तत्त्व र मनसाय तत्त्वले नै बदनियत तत्त्व र मनसाय तत्त्व पत्ता लाग्छ । प्रतिवादीहरुको क्रियातत्त्व हेर्दा मासी खाएको रकम बेरुजु प्रकृतिको नभई आफ्नो जिम्माको रकम मासी खाने दुरुपयोग गर्ने मनसायबाट काम कारबाही भएको देखिन्छ । यस्तो कार्य भ्रष्टाचारजन्य कसुर अन्तर्गत पर्ने" भनी सिद्धान्त समेत प्रतिपादन भएको अवस्थामा उक्त न्यायिक सिद्धान्को समेत अनदेखा गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । • यसैगरी प्रतिवादी कलीम अहमद जोलाहले प्रधानाध्यापकको हैसियतले आफ्नो जिम्मामा रहेका सक्कल कागजातहरुका साथ उपस्थित भई बरबुझारथ गर्न सम्बन्धित निकाय र यस आयोगबाट पटकपटक पत्राचार गर्दा पनि सो अनुसार नगरी लुकाएको, नोक्सान पुर्याएको वा नष्ट गरेको भन्ने तथ्य पुष्टि भएको देखिन्छ । तसर्थ निज प्रतिवादी कलिम अहमद जोलाहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसुरमा ऐ. दफा १२ बमोजिम समेत कैद र जरिवाना हुन समेतको मागदाबी लिई आरोपपत्र दायर भए तापनि सम्मानित अदालत उक्त कसुरको दावीमा मौन रहेको देखिँदा सोहदसम्मको फैसला त्रुटिपूर्ण रही बदरभागी छ । • प्रतिवादी बदरुददुजा खाँ विद्यालय मदरसा व्यवस्थापन/समितिको अध्यक्षको भूमिकामा रही विद्यालयका प्रधानाध्यापक कलीम अहमद जोलाहसँग मिलेमतोमा सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरी भ्रष्टाचार कार्यमा संलग्न रहेको मिसिल प्रमाणबाट देखिन्छ । जहाँसम्मा निज प्रतिवादी बदरुददुजा खाँ उपरको कसुरको आरोपदावीको प्रश्न छ, त्यो टङ्कण त्रुटि (Typing Mistake) सँग सम्बन्धित प्राविधिक गल्ती हो । प्रतिवादी उपर कुन कसुरमा के कति सजायको मागदावी लिई मुद्दा दायर गर्ने वा नगर्ने अन्तिम अधिकार अनुसन्धान अधिकृतमा नभई सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा निहित रहने संवैधानिक व्यवस्था छ । प्रस्तुत मुद्दामा सम्मानित आयोगको "*मिति २०८०।०८।२८ को नि.नं. ४८० बाट प्रतिवादीहरु कलीम अहमद जोलाह र बदरुददुजा खाँलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को १७ बमोजिम सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरी भ्रष्टाचार गरेको कसुरमा बिगो रु.१८,०३,७४१।- (अठार लाख तीन हजार सात सय एक्चालिस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवाना गरी ऐ. दफा ३(१) को खण्ड (च) बमोजिम कैद र बिगो समेत असुल उपर हुन र*

			केकुन कसुर गरेको हो भन्ने स्पष्ट रुपमा कसुर नै कायम नगरी सजाय मागदावी मात्र लिएको हुँदा निज प्रतिवादी बदरुददुजा खाँले अभियोग मागदावीबाट सफाई पाउने ठहर भई फैसला भएको ।		*भ्रष्टाचा निवारण ऐन, २०५९ को दफा १२ मा उल्लेख भए बमोजिम कैद र जरिवाना गरी पाउन समेतको मागदावी लिई आरोपपत्र दायर गर्ने*" निर्णय भएको देखिन्छ ।त्यस्तै आरोपपत्रको प्रकरण नं. २ को खण्ड (१) मा तथ्य र प्रमाणहरुको विश्लेषणमा निज प्रतिवादी बदरुददुजा खाँको कसुरको संलग्नत पुष्टि गरिएको छ । यस्तो अवस्थामा प्राविधिक त्रुटिलाई आधार ग्रहण गरी निज प्रतिवादी बदरुददुजा खाँलाई सफाई दिने गरी गरिएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।सम्मानित सर्वोच्च अदालतबाट जगरनाथप्रसाद सोनार विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा फैसला हुँदा "*भ्रष्टाचार निवारण ऐनको संरचनाबाट सार्वजनिक उत्तरदायित्व भएका पदाधिकारी तथा राष्ट्रसेवकले अन्य व्यक्तिहरुसँग मिली भ्रष्टाचारजन्य कार्य गरी सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, आफू वा अन्य व्यक्तिलाई लाभ वा हानि पुर्याउने कार्य गरेमा सो कार्यमा संलग्न रहेका पदाधिकारी, संस्था वा व्यक्तिलाई समेत कसुरदार ठहर हुने*"[1] भन्ने सिद्धान्त प्रतिपादन भएको अवस्था समेतलाई अनदेखा गरी प्रतिवादी बदरुददुजा खाँलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण देखिँदा बदरभागी छ । अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रतिवादीहरु कलीम अहमद जोलाहलाई आरोपदावी भन्दा कम सजाय हुने र प्रतिवादी बदरुददुजा खाँलाई आरोप दावीबाट सफाई दिने गरी समानित विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा निज प्रतिवादीहरु <u>कलीम अहमद जोलाह र बदरुददुजा खाँ</u>लाई आरोप मागदाबी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ ।

१ ने.का.प. २०७५, अंक ३, नि.नं. १०३८७ ।